# हनुमाननगर कंकालिनी नगरपालिकाको ३ दिने बाढी पूर्वानुमान र पूर्व तयारी
# विपद् प्रतिकार्य सञ्चालन कार्यविधि

| पूर्वानुमानका स्रोतहरु | उच्च सम्भाव्यता | मध्यम सम्भाव्यता | न्यून सम्भाव्यता |
|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्व सूचना प्रणाली | ३ दिनभित्र कुनै पनि २४ घण्टामा १४० मि.मि. वा १२ घण्टामा १२० मि.मि. वा ६ घण्टामा १०० मि.मि. वा ३ घण्टामा ८० मि.मि. वा १ घण्टामा ६० मि.मि.भन्दा बढी वर्षा भएमा | ३ दिनभित्र कुनै पनि २४ घण्टामा १३० मि.मि. वा १२ घण्टामा ११० मि.मि. वा ६ घण्टामा ९० मि.मि. वा ३ घण्टामा ७० मि.मि. वा १ घण्टामा ५० मि.मि.भन्दा बढी वर्षा भएमा | ३ दिनभित्र कुनै पनि २४ घण्टामा १२० मि.मि. वा १२ घण्टामा १०० मि.मि. वा ६ घण्टामा ८० मि.मि. वा ३ घण्टामा ६० मि.मि. वा १ घण्टामा ४० मि.मि.भन्दा बढी वर्षा भएमा |
| विश्व बाढी सतर्कता प्रणाली र जल तथा मौसम विज्ञान विभाग | ३ दिनमा खतरा स्तर नाघने सम्भाव्यता ७० प्रतिशतभन्दा बढी | ३ दिनमा खतरा स्तर नाघने सम्भाव्यता ५०-७० प्रतिशतसम्म रहेको | ३ दिनमा खतरा स्तर नाघने |

## भुमिका तथा उत्तरदायी तालिका

| खतराको स्तर | के गर्ने ? (गर्नु पर्ने कार्यहरु) | कसले गर्ने (जिम्मेवार निकाय) |
|---|---|---|
| उच्च | उच्च, मध्यम र न्यून सभाव्यताको लागि साधारण पूर्व तयारी र १० दिने पूर्व तयारीका सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुबाट सम्पन्न गरिएको सुनिश्चित गर्ने । | नगर विपद् व्यवस्थापन समिति, आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| | **समन्वय, सूचना तथा सञ्चार**<br>• मौसम पूर्वानुमानबारे नगर र वडा स्तरका सम्पूर्ण सरोकारवालाहरु, विषयगत क्षेत्र समूह (Cluster) प्रमुख तथा उपप्रमुखहरुलाई जानकारी गराउने ।<br>• नगर विपद् व्यवस्थपन समितिको बैठक बोलाउने र सबै विषयगत क्षेत्र समूह (Cluster) हरुसँग समन्वय बैठक गर्ने तथा वडा विपद् व्यवस्थापन समितिको बैठक बस्ने ।<br>• समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति विषयगत क्षेत्र समितिहरु (Clusters)सँग बैठक बस्ने ।<br>• नगर तहमा कार्यरत कर्मचारी, विषयगत समितिका सदस्य, सबैलाई विदामा नबस्न निर्देशन गर्ने ।<br>• निर्माण व्यवसायी, मेडिकल तथा प्रहरी प्रशासनसँग आवश्यक समन्वय गर्ने ।<br>• भए गरेका निर्णयहरुको पुनरावलोकन र अनुगमन गर्ने । | सूचना तथा राहत व्यवस्थापन उप समिति एवम् योजना तथा वातावरण शाखा, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, वडा विपद् व्यवस्थापन समिति |
| | **खोज तथा उद्धार समिति**<br>• नगर एवम् वडा स्तरमा खोज तथा उद्धार प्रतिकार्य प्रणाली स्थापना, कायम र प्रबन्ध गर्ने ।<br>• कमाण्ड पोष्टको विकास गर्ने, असुरक्षित परिवारसम्म पुग्ने सम्पूर्ण मौजुदा मार्गको पहिचान गर्ने ।<br>• सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुको पहुँच र स्रोत साधन अनुगमन गर्ने ।<br>• सम्भावित बाढीको खतरा भएको ठाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा नगर विपद् प्रतिकार्य टोली र चिकित्सक टोली परिचालन | नगर खोज तथा उद्धार उपसमिति, सुरक्षा निकायहरु, वडा विपद् व्यवस्थापन समिति, समुदाय स्तरमा रहेको खोज तथा उद्धार समिति |

| | | |
|---|---|---|
| | गर्ने । | |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी तथा सरसफाई**<br>● सङ्कटासन्न सुमदायलाई प्राथमिक उपचार किट, डेन्सिटी किट र पानी निर्मलीकरण घोल वितरण गर्ने ।<br>● घुम्ती क्लिनिकको स्थापना र सञ्चालनका लागि सम्पूर्ण तयारी गर्ने ।<br>● किटजन्य रोगबाट बच्नको लागि झूल वितरण गर्ने ।<br>● बाढीको उच्च जोखिमबारे स्वास्थ्यकर्मी, RRT/CRRT लाई जानकारी गराई वृद्ध, बालबालिका, गर्भवती र सुत्केरी महिला आदिको लागि सुरक्षित वासस्थान तथा खाने बस्ने व्यवस्था मिलाउने ।<br>● आवश्यक सामग्रीहरुलाई स्थानीय सेवा प्रदायक संस्था र वडा कार्यालयहरुमा पुऱ्याउने । | नगर विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई उपसमिति, स्वास्थ्य र पोषण समिति, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | **संरक्षण**<br>● अति सङ्कटासन्न क्षेत्रका जेष्ठ नागरिक, अपाङ्गता भएका, बालबालिका, महिला (गर्भवती र सुत्केरी) तथा समस्यामा परेका मानिसहरुलाई अन्यत्र सार्ने प्रक्रिया सुरु गर्ने ।<br>● जेष्ठ नागरिक, अपाङ्गता भएका, बालबालिका, महिला (गर्भवती र सुत्केरी) आदिलाई अन्य विषयगत क्षेत्र समूहहरुसँग समन्वय गरी विशेष संरक्षण प्रदान गर्ने व्यवस्था मिलाउने । | नगर विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति (महिला तथा बालबालिका इकाई), सुरक्षा निकायहरु, संरक्षण विषयगत समिति, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| मध्यम | **समन्वय, सूचना तथा सञ्चार**<br>● अनुगमन तथा मूल्याङ्कन टोली गठन र परिचालन गर्ने । | नगर विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति |
| | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन, अस्थायी आवास र गैर खाद्यपदार्थ**<br>● खाद्य आपूर्ति भण्डारण र महत्वपूर्ण कागजातहरु राख्नको निम्ति क्रमशः पानी नछिर्ने झोला र थैली सामुदायिक विपद् व्यवस्थापन समितिमार्फत प्रभावित समुदायमा वितरण गर्ने र यसको प्रयोगका लागि सहजीकरण गर्ने ।<br>● रबरको पञ्जा, रबरको बुट, पानी नछिर्ने ज्याकेट, जीवन रक्षा कवच आदि लगायतका उद्धार सामग्री सामुदायिक विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।<br>● घरपालुवा पशुहरुलाई पहिचान गरिएका सुरक्षित स्थानमा अस्थायी रुपमा सार्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, नेपाल खाद्य संस्थान, उद्योग बाणिज्य संघ, सुरक्षा निकायहरु, नेपाल रेडक्रम सोसाइटी |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी तथा सरसफाई**<br>● पोषण आहार प्याकेट वितरणको व्यवस्था मिलाउने ।<br>● सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने ।<br>● गर्भवती र सुत्केरी महिलाहरुलाई स्वास्थ्य किट वितरण गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई उपसमिति, नेपाल रेडक्रस सोसाईटी, गैससहरु |